**गाउँपालिका राष्ट्रिय महासंघ नेपाल** **नेपाल नगरपालिका संघ**

२०८०।०६।१५

**माननीय सांसदज्यू**

संघीय संसद

**विषयः विधेयकमा संशोधन गर्ने सम्बन्धमा**

नेपाल सरकारले हालै संघीय संसदमा पेश गरेको "विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको बिधयेक २०८०" प्रतिनिधि सभाको कार्यसूचीमा समावेश भैसकेको व्यहोरा माननीयज्यूमा अवगत नै छ ।

प्रस्तुत विधयेक अध्ययन गर्दा सोमा भएका कतिपय व्यवस्थाहरु संविधान र संघीयता प्रतिकुल र स्थानीय सरकारका अधिकार क्षेत्रमा हस्तक्षेप हुनेगरी तयार गरिएको पाइएको छ । यसै सन्दर्भमा गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघले संयुक्त रुपमा विधयेकमा संशोधन हुनुपर्ने सवालहरुमा अध्ययन गरी तीन महल सहितको प्रस्ताव तयार पारि यसैपत्रका साथ संलग्न गरेका छौं । प्रस्तुत प्रस्ताव अध्ययन गरी माननीयज्यूहरुले संशोधन प्रस्ताव मार्फत विधेकलाई संघीयता र संविधानबमोजिम समुन्नत बनाउनु हुनेछ भन्ने अपेक्षा लिएका छौं ।

**लक्ष्मीदेवी पाण्डे**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

**भिमप्रसाद ढुङ्गाना**
अध्यक्ष
नेपाल नगरपालिका संघ